# संचार नीति

२०६८

**एभरेष्ट क्लव, दैलेख**

Information Policy Of Everest Club, Dailekh

# एभरेष्ट क्लव, दैलेखको संचार नीति
# २०६८ :

समुदायमा विद्यमान प्राकृतिक, आर्थिक, सामाजिक श्रोत र साधन एवम् प्रवाह हुने सेवा र सुविधामा सबै नागरिकको समान सहभागिता, पहुच, नियन्त्रण र स्वामित्व स्थापित गर्नु नै वर्तमान विकासको अवधारणा हो । बञ्चितीमा परेका वा पारिएका वर्ग, लिङ्ग, जातजाति, क्षेत्र, परिवारको आवश्यकता पहिचान गरी उनीहरुको बास्तवीक मागलाई संवोधन गर्ने र सुझावहरु प्राप्त गर्ने कार्य हुदै आएका छन् । सामाजिकरुपमा उपेक्षित, आर्थिकरुपमा विपन्न र वन्चितिमा परेका वर्गहरुको माग र आवश्यकतालाई अधिकारको रुपमा प्रस्तुत गर्ने, उनीहरुका अधिकारलाई सम्मानपूर्वक सम्बोधन गर्ने र जवाफदेहि र उत्तरदायि संयन्त्रको निर्माण गरी विकासका सबै प्रक्रिया र नीति नियम तय गर्ने तहमा नागरिकहरुको सक्रिय सहभागीता हुने अवसरको सृजना गर्ने जस्ता चुनौतिपूर्ण कार्य गर्नु हाम्रो जिम्मेवारी हो । एभरेष्ट क्लवले संचालन गरेका कार्यक्रमलाई प्रभावकारी र उपलब्धिमुलक बनाउन तथा संस्थाको दिगोपनाका लागि आफ्नो विधान, दर्शन, मान्यता तथा यसका नीतिनियमहरुद्वारा निर्देशित रहि सूचना प्रवाह गर्न प्रतिवद्ध छ । एभरेष्ट क्लव दैलेख आफ्नो संस्थामा कार्यरत समग्र कर्मचारीहरू र पदाधिकारीहरु संस्थाको विधान, लक्ष्य, सिद्धान्त तथा नीतिहरू प्रति पूर्णरुपले प्रतिबद्ध रहुन तथा उनीहरू गरीब, अल्पसंख्यक, शोषित र अत्याचारमा परेका जनताप्रति सहानुभूति राखुन भन्ने अपेक्षा गर्दछ । एभरेष्ट क्लव दैलेखका कर्मचारीहरू तलब, जीवनवृत्ति वा व्यक्तिगत चासोद्वारा मात्र उत्प्रेरित नभई तिनीहरुमा राष्ट्र निर्माणको साधनको रुपमा ग्रामीण गरीब जनताहरूबीच सकारात्मक परिवर्तनका लागि योगदान गर्ने इच्छा भएको हुनुपर्दछ भन्ने मान्यता राख्दछ । एभरेष्ट क्लव, दैलेखले दिगो संस्थागत विकासका लागि संस्थाको विधानको अधिनमा रहि देहाय वमोजिम संचार नीति तय गरेको छ,

- स्वतन्त्र तथा सार्वभौम राष्ट्रको हितमा आच नआउने गरि एउटा नागरिकको रुपमा रहि राष्ट्रिय विकासमा पूर्ण रुपले योगदान दिने सूचनाहरुको मात्र प्रचार प्रसार गर्ने,
- मानव अधिकारको समर्थन गर्ने खालका सूचनाहरुको मात्र प्रवाह गर्ने,
- जुनसुकै जात, धार्मिक विश्वास, लिङ्ग, आर्थिक स्तर, संस्कृति, जातिगत सम्बन्ध वा धर्म भए पनि सबै मानिसहरुप्रति उच्च तहको आदर प्रदर्शन गर्ने र सोलाई कायम राख्ने खालका सूचनाहरु मात्र प्रवाह गर्ने,
- कुनै पनि किसिमको अनुचित व्यक्तिगत लाभ लिने वा अरुलाई त्यस्तो गर्न अनुमति दिने खालका सूचनाहरु प्रवाह नगर्ने,
- जानाजान गलत सूचना प्रवाह गर्ने तथा जालसाजी गर्ने खालका सूचना प्रवाह नगर्ने,
- कुनै पनि किसिमको ठगी गर्ने सूचना प्रवाह नगर्ने ,
- अरुलाई बेइज्जत गर्ने, हिंसात्मक व्यवहार गर्ने वा अन्यलाई सो गर्न गराउन प्रोत्साहन गर्ने सूचनाहरु प्रवाह नगर्ने,
- संस्थालाई पहिचान गर्ने लोगो, नाम भौतिक सामाग्रीहरुमा टास्ने,
- लाभान्वित व्यक्ति तथा कनिष्ठ कर्मचारीरूरुप्रति कमजोरीको फाइदा उठाउने खालको सूचनाहरु प्रवाह नगर्ने
- संरचना अनुसार तहगत सुचनामात्र प्रवाह गर्ने
- संचालित सबै कार्यक्रमहरुको सरोकारवालाहरुलाई लिखतरुपमा जानकारी दिने,
- संचालित सबै कार्यक्रमहरुको आवश्यकता आधारमा सुचना पाटीमा तयार गरि जानकारी दिने
- मासिक समिक्षा बैठकहरुको आयोजना गर्ने, ।
- फिल्ड लगबुकको अनिवार्य प्रयोग गरि फिल्डमा रहादा हप्तामा एक पटक कार्यालयमा सम्पर्क गर्ने,
- वाह्य सूचनाहरुको आदान प्रदान र दस्तावेज गर्ने,
- महत्वपूर्ण निर्णयहरुलाई आवश्यकता अनुसार संचार माध्यमबाट प्रसारण गर्ने,
- संस्थाको सूचना अधिकारी तोकि निजको जिम्मेवारी तोक्ने,
- मासिक, त्रैमासिक, अर्धवार्षिकरुपमा प्रतिवेदनहरु प्रकाशन गर्ने,
- संस्थाका नीति, नियम र निर्देशिकाहरु तथा अन्य सबै जानकारीहरु वेवसाइट मार्फत संसार भर जानकारी दिने ।